# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खा[illegible], पर्वत
### गण्डकी प्रदेश,

प.सं.: ०७८/०७९

च.नं. :

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः- २०७८।०७।०३

यस फलेवास नगरपालिकाको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम संचालन गर्न इच्छुक यस नगरपालिका क्षेत्र भित्रका **कृषक / कृषक समुह / सहकारी / निजी फर्मले** यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघीप्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र स | कार्यक्रम | बजेट | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १ | साना व्यवसायिक कृषि उत्पादन केन्द्र तरकारी पकेट | रु.१२,००,००० । | १ | ➢ ७ हेक्टर क्षेत्रफलमा तरकारी खेती विस्तार गर्नुपर्ने। |
| २ | व्यवसायिक तरकारी खेती | रु. १५,००,००० | ३० | ➢ प्रतिकृषक ३ रोपनी क्षेत्रफलमा तरकारी खेती गर्नुपर्ने।<br>➢ समुह / सहकारीको हकमा १० जना कृषक छनोट गरेको निर्णयको प्रतिलिपि। |
| ३ | मध्यम प्रविधियुक्त बहुउद्धेश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रम | रु. ७,५०,००० | १ | ➢ वार्षिक १०००० विरुवा उत्पादन क्षमता हुनुपर्ने।<br>➢ सुन्तलाजात फलफूल नर्सरीको हकमा सामुन्द्रिक सतहदेखी कम्तीमा १२०० मि उचाईमा हुनुपर्ने छ। |
| ४ | व्यवसायिक कागती खेती विस्तार कार्यक्रम | रु.१५,५५,००० | १५ हे | ➢ उत्पादन युनिट कम्तिमा १ हेक्टर हुनुपर्ने छ। |
| ५ | मासु मिसन अन्तर्गत बाख्रा प्रवर्द्धन कार्यक्रम | रु. १४,९६,००० | ३४५ गोटा | ➢ प्रति माउ रु. २००० कादरले कम्तीमा ५ देखि अधिकतम १५गोटासम्मलाई मात्र अनुदान दिईनेछ । |

प्रस्ताव साथ पेश गर्नुपर्ने कागजात

१. सम्बन्धित वडा कार्यालयको सिफारिस साथ कृषक परिचय पत्र / नागरिकताको प्रतिलिपि
२. कृषकसमुह/ सहकारी/निजि फार्मको हकमा नियमानुसार दर्ता भएको प्रमाण- पत्रको प्रतिलिपि
३. कृषकसमुह/ सहकारी/ निजि फार्मको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४. कृषकसमुह/ सहकारी/निजि फर्मको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. समुह/ सहकारीको हकमा कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णय प्रतिलिपि
६. कार्यक्रम संचालनको लागि जग्गाको लालपुर्जाको प्रतिलिपि / जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा ५ बर्षको करार सम्झौता पत्रको प्रतिलिपि
७. बिगत २ वर्षमा अनुदान लिए नलिएको र कार्यक्रममा छनोट भएमा न्युनतम ५ वर्ष सोहि व्यवसाय गर्ने स्व-घोषणा पत्र

२०७८/०७/०३

कृष्ण सापकोटा
प्रमुख प्रशासकीय अधिकृत